सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिम्ली, रुकुम (पश्चिम)
Simli, Rukum (West)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal
☎ सम्पर्क नं. : ९८५७८२४२५३
info@sanibherimun.gov.np
sanibherimun@gmail.com
ito.sanibherimun@gmail.com

## सम्झौता गर्न आउने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०७८।११।०८)

प्रस्तुत विषयमा सानीभेरी गाउँपालिकाद्धारा मिति २०७८/०८/०१ गते प्रकाशित ठेक्का नं. 02/WORKS/NCB/SRM/078/079 गिठाकोटज्यूला, घर्तिगाउँ, पूर्तिमकाँडा, बसनडाँडा, चाइनाबगर कृषि सडक निर्माणको लागि श्री प्रवृक्षा निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. सानीभेरी गा.पा.-९ रुकुम(पश्चिम) को वोलपत्र स्वीकृत भई मिति २०७८/१०/०४ गते सम्झौता गर्न आउने सम्बन्धी सूचना प्रकाशन भएकोमा उक्त निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. ले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ३ बमोजिमको समय अवधि भित्र कार्यालय संग सम्झौता नगरेकाले ऐ.ऐ. ऐनको दफा २७ को उपदफा ५ बमोजिम तपशिल बमोजिमको वोलपत्र स्वीकृत भएकाले १५(पन्ध्र) दिन भित्र खरिद सम्झौता गर्न आउनको लागि यो सूचना प्रकाशित गरिएको छ।

भूपाल सि बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

तपशिलः

| क्र.स. | वोलपत्रदाताको नाम, ठेगाना | कवोल अंक(VAT, PIS सहित) | कार्य सम्पादन जमानत (रु.) | कै. |
|---|---|---|---|---|
| १. | रासी निर्माण सेवा एण्ड सप्लायर्स रुकुम(पश्चिम) | रु.६०,५८,९३९.५२/- | १५,२०,००० | २०८०।०४।३० सम्मको |

# मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा जोड

**दीपकप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, ७ पुस ।

मानव अधिकारको संरक्षण सम्बर्द्धन र प्रवर्द्धनका लागि मानव अधिकार आयोग सधैं प्रतिबद्ध रहेको राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले बताएका छन् । फागुन ७ गते ललितपुरमा आयोजित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)द्वारा प्रकाशित 'नेपाल मानव अधिकार वर्ष पुस्तक-२०२२' को विमोचन समारोहका प्रमुख अतिथि मगरले स्थानीय तहसम्म मानव अधिकारबारे सचेतना जगाउने र मानव अधिकार रक्षकहरुको सम्मेलन गर्ने उल्लेख गर्दै कारागार र प्रहरी हिरासतमा मृत्यु भएका घटनाले राज्यलाई थप जवाफदेही बनाउन सबैको सहकार्यमा जोड दिए ।



उनले अध्ययन, अनुसन्धानको दस्तावेजका रूपमा रहेको नेपाल मानव अधिकार वर्ष पुस्तकले समेटेका विषय वस्तुलाई हेर्दा पछिल्लो १० वर्षमा महिलाहरु बढी पीडित भएको बताए । आयोगमा आफूहरु आएको एक वर्षमा भए गरेका कामको जानकारी गराइएको उल्लेख गर्दै द्वन्द्वकालीन घटनाका मुद्दा र त्यस पछिका मुद्दाका विषयमा सरकारलाई गरिएको सिफारिस कार्यान्वयनका लागि नागरिक संस्थाहरुसँग सहकार्य गर्ने प्रतिवद्धता जनाए ।

नेपालमा दण्ड हिनताको अन्त्य र मानव अधिकारको रक्षाका लागि आयोगले निरन्तर काम गर्ने उल्लेख गर्दै इन्सेक जस्तो मानव अधिकारको क्षेत्रमा विशिष्ठ योगदान गर्दै आएको संस्थासँग सहकार्यका लागि आग्रह गरे ।

इन्सेकका संस्थापक अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोगका पूर्व आयुक्त एवम् राष्ट्रपतिका पूर्व मानव अधिकार तथा राजनीतिक विज्ञ सुशील प्याकुरेलले नागरिक संस्थामाथि लाग्ने गरेका आरोपको खण्डन गर्दै इन्सेकले ३० वर्षदेखि निरन्तर नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशित गर्दै आएको बताए ।

समाजमा जातीय विभेद कायमै रहनुले सभ्य समाज निर्माणमा बाधा पुऱ्याएकोले त्यसको अन्त्यका लागि पीडित केन्द्रित भइ सम्मानित जीवन यापनमा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको ख्याल गरेर अघि बढ्नु पर्ने खाँचो औंल्याए ।

इन्सेकका संस्थापक अध्यक्ष प्याकुरेलले दण्ड संहितामा पीडकलाई सजाएँ मात्र नभइ पीडितलाई अधिकार प्राप्तिलाई केन्द्रमा राख्नु पर्नेमा जोड दिए । उनले सत्ता र राजनीतिक शक्ति भन्दा बाहिर इन्सेकले हरेक पटक नयाँ श्रृङ्खला र विषय वस्तु परिमार्जन गर्दै भनेकै दिनमा निरन्तररुपमा नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशित गर्दै आएको बताए ।

प्रदेश १ योजना आयोगका पूर्व उपाध्यक्ष तथा इन्सेकका निवर्तमान अध्यक्ष सुबोधराज प्याकुरेलले नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको प्रारम्भिक स्रोतको अभिलेखको दस्तावेज भएको उल्लेख गर्दै धेरै गम्भीर घटनाका वर्ष पुस्तकमा ज्वलन्त विषयलाई उठान गर्दै तुलनात्मक तथ्याङ्क राखिएको बताए ।

इन्सेकका अध्यक्ष डाक्टर इन्दिरा श्रेष्ठले नेपालको मानव अधिकारको अवस्थाका बारेमा इन्सेकले सन् १९९२ देखि शुरु गरी ३० औं श्रृङ्खलाका रुपमा नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ ल्याउन सफल भएको स्मरण गर्दै सशस्त्र द्वन्द्वको समाप्ती भएको लामो समय बितिसक्दासमेत सङ्क्रमणकालीन न्यायका सवाल जस्ताका तस्तै भएको प्रति चिन्ता व्यक्त गरिन् ।

नर्वेजियन राजदूत टोरुन ड्राम्डलले मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि नागरिक समाज र निजी क्षेत्रसँगको सहकार्य हुनु पर्ने बताए ।

इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले इन्सेकले गरेको अभिलेख अनुसार सन् २०२१ मा मानव अधिकार उल्लंघन र ज्यादतीका घटनामा ६ हजार २ सय ८५ जना पीडित भएको जनाए ।

सन् २०२० मा यस्ता घटनामा ५ हजार ५ सय ४३ जना पीडित भएका थिए । यस वर्ष मानव अधिकार उल्लङ्घनका घटनामा ५२ महिला र ५ सय १० पुरुष गरी जम्मा ५ सय ६२ जना तथा ज्यादतीका घटनामा ५ हजार १ सय ६३ जना महिला र ५ सय ६० जना पुरुष गरी जम्मा ५ हजार ७ सय २३ जना पीडित भएको अभिलेख भयो । गत वर्षको तुलनामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा यस वर्ष ७ सय ४२ जना बढी पीडित भएको बताए ।

उनले यस वर्ष राज्य पक्षबाट ६ जनाको हत्या भएको र यातनाका घटनामा ३ जना, गिरफ्तारीका घटनामा ३५ जना, जातीय विभदका घटनामा २८ जना अमानवीय व्यवहारका घटनामा २४ जना पीडित भएको बताए । भेला तथा सङ्गठित हुने अधिकारमा ३ सय ६३ जना र धम्कीका घटनामा ३६ जना र कुटपिटका घटनामा २ सय ६६ जना पीडित भएको अभिलेख भयो ।

# रेग्मीलाई उत्कृष्ट पत्रकारिता पुरस्कार

**पाल्पा/मस–** राष्ट्रिय समाचार समिति (रासस) का समाचारदाता सुशीला रेग्मीलाई रासस पत्रकारिता पुरस्कार प्रदान गरिने भएको छ। राससको ६१ औं बार्षिकोत्सवको अवसरमा पाल्पा (रामपुर) समाचारदाता राससकर्मी रेग्मीलाई पुरस्कार प्रदान गरिने घोषणा गरिएको छ ।

रासस संचालक समितिको शुक्रबार बसेको बैठकबाट राससकर्मी रेग्मीलाई यस वर्षको लुम्बिनी प्रदेशबाट उत्कृष्ट र सबैभन्दा धेरै समाचार संप्रेषण गरेबापत कामको उचित मुल्याङ्कन गरी पुरस्कारको सिफारिस गरिएको हो ।

कोभिड १९ को संक्रमण सहज बन्दै गएपछि सबैलाई एक समारोहका बीच पुस्कार प्रदान गने कार्यक्रम रहेको राससका प्रधान सम्पादक एकराज पाठकले बताए ।

राससकर्मी रेग्मीले यसभन्दा अघि राससबाटै दुई पटक उत्कृष्ट पत्रकारिता पुरस्कारबाट सम्मानित भइसकेकी छन् । उनी पाल्पालाई पत्रकारिताको कर्मथलो बनाएर १३ वर्षदेखि पत्रकारिता गदै आएकी छन् ।

राष्ट्रिय समाचार समिति (रासस) ले ६१ औं वार्षिकोत्सवका अवसरमा वर्षभरिमा उत्कृष्ट र धेरै समाचार सम्प्रेषण गरेका सातै प्रदेशका स्थानीय समाचारदाता (स्ट्रिङ्गर), फोटो पत्रकार तथा आलेख समाचारदातालाई पुरस्कृत गर्ने निर्णय गरेको हो । पुरस्कारको राशी जनही रु. १५ हजार तथा प्रशंसापत्र रहेको छ ।


**सानीभेरी गाउँपालिका**
**Sanibheri Rural Municipality**
**गाउँ कार्यपालिकाको कार्यालय**
**Office of The Rural Municipal Executive**
**सिम्ली, रुकुम (पश्चिम)**
**Simli, Rukum (West)**
**कर्णाली प्रदेश, नेपाल**
**Karnali Province, Nepal**

**सम्झौता गर्न आउने सम्वन्धी सूचना**

**(प्रकाशित मिति: २०७८।११।०८)**

प्रस्तुत बिषयमा सानीभेरी गाउँपालिकाद्धारा मिति २०७८/०८/०१ गते प्रकाशित ठेक्का नं. 02/WORKS/NCB/SRM/078/079 गिठाकोटज्यूला, घर्तिगाउँ, पूर्तिमकाँडा, वसनडाँडा, चाइनाबगर कृषि सडक निर्माणको लागि श्री प्रवृक्षा निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. सानीभेरी गा.पा.-९ रुकुम (पश्चिम)को बोलपत्र स्वीकृत भई मिति २०७८/१०/०४ गते सम्झौता गर्न आउने सम्बन्धी सूचना प्रकाशन भएकोमा उक्त निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.ले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ३ बमोजिमको समय अवधिभित्र कार्यालय संग सम्झौता नगरेकाले ऐ.ऐ. ऐनको दफा २७ को उपदफा ५ बमोजिम तपशिल बमोजिमको बोलपत्र स्वीकृत भएकाले १५(पन्ध्र) दिनभित्र खरिद सम्झौता गर्न आउनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| क्र.स. | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (VAT, PIS सहित) | कार्य सम्पादन जमानत (रु.) | कैं. |
|---|---|---|---|---|
| १ | राप्ती निर्माण सेवा एण्ड सप्लायर्स रुकुम(पश्चिम) | रु.६०,५८,९३९.५२/- | १५,२०,००० | २०८०।०४।३० सम्मको |

**प्रमुख प्रशासकीय अधिकृत**



**Chaubise Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Rajarani, Dhankuta**

**Invitation for Sealed Quotation for the Pipe & Hill Tank Kharid**

**Sealed Quotation No: CRM/DKT/SQ/09/078/79**
**Date of first Publication: 2078/11/08 (2022/02/20)**

1. The Office of Rural Municipal Executive, Chaubise Rural Municipality invites sealed quotations from registered Suppliers for the supply & delivery of Hill Tank & HDPE Pipe.

| SN | Contract Identification Number | Description of Work | Estimated Amount (With VAT) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | CRM/DKT/SQ/09/078/79 | Pipe & Hill Tank Kharid | 1473635.26 | 40000 | 1000 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chaubise Rural Municipality, Rajarani, Dhankuta, Phone No: 026-411032, 026-411033, Email:- chaubisegapa@gmail.com .
3. A complete set of Bidding Documents may be purchased from the office of Chaubise Rural Municipality, Dhankuta, by eligible Bidders upon the submission of a written application, along with the copy of company/firm registration certificate, Tax Clearance Certificate of FY 2077/78, and upon payment of a non-refundable fee as stated above or by deposition of same amount at
**Name of Bank: Nepal Bangladesh Bank Ltd. Rajarani, Dhankuta**
**Name of Office: Chaubise Rural Municipality, Rajarani, Dhankuta.**
**Office Account No (Antarik Rajaswa Khata).: 0700001541 till 2078/11/22 (2022/03/06) during office hours.**
4. Sealed bids must be submitted to the office of Chaubise Rural Municipality, Dhankuta by hand before 12.00 P.M. on 2078/11/23 (2022/03/07). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2.00 P.M. on 2078/11/23 (2022/03/07) in the office of The Rural Municipal Executives, Chaubise Rural Municipality, Dhankuta. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amount as stated above, which shall be valid for 30 days beyond the validity period of the bid, counted from the bid opening date. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the name of Chaubise Rural Municipality, Rajarani, Dhankuta in Dharauti Account No: 0700000841 at Nepal Bangladesh Bank, Rajarani, Dhankuta and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. All the other condition of bidding process will be as per the Public Procurement act 2063 and Public procurement regulation 2064 following all new revision.
8. The Chaubise Rural Municipality, Dhankuta reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**


# प्रजातन्त्र दिवसको अवसरमा रक्तदान

**नेपालगञ्ज/मस–** वीर शहिदहरुप्रति उच्च सम्मानसहित प्रजातन्त्र दिवसको अवसरमा बर्दिया जिल्लाको ठाकुरबाबा नगरपालिका सैनवारको आयोजनामा भरीगाउँ वार्ड नं.-१ मा आयोजित पाँचौ बृतह रक्तदान कार्यक्रममा महिला, पुरुष गरी १०८ जनाले रक्तदान गरेका छन् ।




ठाकुरबाबा नगरपालिकाका सैनवार बर्दियाका प्रमुख घन नारायण श्रेष्ठले रगत संकलन गने पाकेट प्रादेशिक रक्त संचार सेवा केन्द्र नेपालगञ्जका प्राविधिक प्रकाश सापकोटालाई हस्तान्तरण गर्दै १ पीन्ट रगत दिएर रक्तदान कार्यक्रमको उदघाटन गरेका थिए । उनले अहिले सम्म ६ पटक रक्तदान गरी सकेका छन् । सो कार्यक्रममा सञ्चारकर्मी पवन जायसवालले ९० औं पटक रक्तदान गरेका छन् । यसरी सो कार्यक्रममा गरिमा बिकास बैंक भुरीगाउँका म्यानेजर यादव प्रसाद पन्तले ३४ औं पटक, खानेपानी उपभोक्ता संघ भुरीगाउँका उपाध्यक्ष चन्द्रमणि पौडेलले २८ औं पटक, नेपाल स्वयंसेवी रक्तदाता समाज ठाकुरबाबा नगर समितिका अध्यक्ष चल्तुराम थारुले १७ औं पटक, नेपाल रेडक्रस सोसाइटी ठाकुरबाबा उप-शाखाका सभापति यज्ञ प्रसाद नेपाल, ठाकुरबाबा नगरपालिका वार्ड नं.-१ का वडाध्यक्ष श्याम लाल थारु, बिनोद कुमार थारु, अनिल कुमार थारु, चेत प्रसाद श्रेष्ठ, पञ्चराम थारु, रुबि श्रेष्ठ, बिना भट्टराई, राकेश थारु, गंगा थारु, हरिराम थारु, लक्ष्मी थारु, घनश्याम न्यौपाने, दुखुवा थारु, लक्षमण खरेल, गोपाल निरौला, जनक कुमार थारु, जानकी पाण्डे, कालुराम थारु, रमेश थारु, नारायण बिक, केसरा पौडेल, अर्जुन भण्डारी, आशा बिक, शैलेश खत्री, प्रेम प्रसाद कडेल, सुशान्त कडायत, शान्ति प्रसाद शर्मा, सन्तोष थारु, मन्तराम थारु, कृष्ण प्रसाद पोखरेल, अजय थारु, हरिहर पौडेल, जनक भण्डारी, मेनुका पौडेल, मञ्जु लामिछाने, एलिना थापा, दिपक चौधरी, हिरा भट्टराई, मिथिला थापा, चन्द कुमार थारु, शेर बहादुर बोकटी, छबिलाल लम्साल, खेमराज ढकाल, गोपाल निरौला, हरि प्रसाद चौधरी, प्रकाश दाहाल, भिखारा थारु, सुजन सापकोटा, भूपेन्द्र खनाल, दिपक महरा, खडकलाल पन्थी, दिपा कुमारी शाही, भिम प्रसाद ढकाल, महेश थारु, टिकाराम थारु, सुमन खनाल, मनिकला पाण्डे, नवराज पुरासैनी, हरिचन्तु थारु, बिजय खनाल, सीता दहित, पार्वती खराल, उमा कुमारी मल्ल, सञ्जु गिरी, रेखा चौधरी, हरिहर प्रसाद चौधरी, सुरेश चौधरी, हेमराज आचार्य, रिता चौधरी, सन्तोष कुमार थारु, सुजना सिरनेटमगर, गोपाल प्रसाद घिमिरे, निशेष खराल, सन्देश शाही, रबिन बैद्य, दिपक लामा, सुनिल चन्द, अनुप कुमार थारु, डम्मर कामी,ठाकर सिंह थारु, छबिलाल लम्साल, शेर बहादुर बोकटी, आशिष तिमिल्सिना, शंकर गौतम, मन्दिप मल्ल, अनोज नेपाली, लक्षमण कुमार गौली, ऐनराम थारु, सुष्मा तिमिल्सिना, चक्रमणि आचार्य, राहुल चौधरी, किरन मरासैनी, मनो रावत, हेमराज अधिकारी, मन्दराम न्यौपाने, राजु चौधरी, गंगाराम जैसी, फुलकुमारी नेपाली, सुमन बुढापृथी, प्रकाश न्यौपाने, कुन्ती गौली, अनिल कुमार थारु, यसरी सो कार्यक्रममा मधुसुदन गडतौला, खगेन्द्र बहादुर शाही, राजेश थापा, लिलाराम खनाल, जित बहादुर श्रेष्ठ, तिलक गडतौला, दान बहादुर बोहरा, राजेश कुमार बजगाईं, उमेश थारु, रामफल चौधरी लगायत १ सय ८ जनाले रक्तदान गरेका छन् ।

बर्दिया जिल्लाको ठाकुरबाबा नगरपालिका वडा नं. १ वडा कार्यालयको परिसर अगाडि आयोजित रक्तदान कार्यक्रममा प्रादेशिक रक्त सेवा केन्द्र नेपालगन्जका सोम प्रकाश सापकोटा, सुनिता कुमाई, सोन कुमारी चौधरी, सन्दिप आचार्य, महेश राना क्षेत्री, केशर सिंह डाँगी, बीरेन्द्र योगी लगायतले प्राविधिकमा लक्ष्मी शाही, ज्ञानु परियार, रेखा चौधरी लगायतले कार्यक्रममा सहयोग गरेका थिए ।

सो रक्तदान कार्यक्रममा नेपाल स्वयंसेवी रक्तदाता समाज बर्दियाका अध्यक्ष प्रेम प्रसाद लम्साल, ठाकुरबाबा नगरपालिकाका स्वास्थ शाखाका प्रमुख इन्द्र बहादुर राजबंशीको कार्यक्रममा सक्रिय सहयोग रहेको थियो । वीर शहिदहरु प्रति उच्च सम्मान सहित प्रजातन्त्र दिवसको अवसरमा फागुन ६ गते गते शुक्रवार आयोजित रक्तदान कार्यक्रममा रेडियो टाइगर, विकास प्रेमी युवा समूह, ईलाका प्रहरी कार्यालय बगनाहा भुरीगाउँ, ठाकुरबाबा उद्योग वाणिज्य संघ भुरीगाउँ, नेपाल स्वयंसेवी रक्तदाता समाज ठाकुरबाबा नगर समिति, सिको साकोस भुरीगाउँ, किसान कमैया कल्याण साकोस बनकट्टी, सुमन साकोस शाहीपुर हिमालय साकोस बगनाहा लगायत नौ वटा संघ संस्थाको सह-आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको थियो ।

# हिमानी कोषद्वारा विद्यार्थीलाई सहयोग


**पवन जयसवाल/मध्यान्ह**
बाँके, ७ फागुन

बाँकेको नेपालगञ्जमा हिमानी कोषले तीन वटा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सहयोग गरेको छ । हिमानी कोषको आयोजनामा नेपालगञ्ज उपमहानगरपालिकाको तीन वटा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई शनिबार सहयोग गरिएको हो ।

सो कार्यक्रममा पूर्व अधिराजकुमारी प्रेरणा राज्य लक्ष्मी सिंह र पूर्व शाहज्यादी दिलाशा राज्य लक्ष्मी राणाले तीनवटा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई पानी स्वतः प्रशोधन हुने बोतल र मास्क हस्तान्तरण गरे । नेपालगञ्ज उप-महानगरपालिकाका प्रमुख डा. धवल शम्शेर राणाका अनुसार नगरको हनुमान प्राथमिक विद्यालय, नेपालगञ्ज उपमहानगरपालिका वार्ड नं.-२ नेपाल राष्ट्रिय आधारभूत विद्यालय घर बारीटोली र वार्ड नं.-१८ भुजईगाउँ स्थित रहेको श्री पाटेश्वरी आधारभूत विद्यालयका ६ सय जना विद्यार्थीहरुलाई पानी स्वतः प्रशोधन हुने बोतल र मास्क सहयोग गरिएको हो ।

सो अवसरमा नगर प्रमुख राणाले हिमानी कोषले यसअघि पनि नगरमा सिलाईकटाई तालिम प्राप्त महिलालाई मेसिन सहयोग गरेकोमा धन्यवाद ज्ञापन गरे । कार्यक्रममा हिमानी कोषका कार्यालय प्रमुख उत्तम निरौला, कानूनी सल्लाहकार अनिता केसी, नेपालगञ्ज उप-महानगरपालिकाका कार्यपालिका सदस्य इन्दिरा शाही लगायतले हिमानी कोषले गरेका मानवीय सहयोगप्रति आभार प्रकट गरेका थिए ।


**HOSPITALITY TRAINING**
Hilton Academy Pvt.Ltd.
A great place for career
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।
कुनै पनि
**Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation**
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोट: ६ महिने **Professional Diploma in Hotel Management (PDHM)**
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा **ADMISSION OPEN** गरिएको जानकारी गराउदछौ
सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484